# युवा उद्यमशिलता पोलीसी ब्रिफ



सर्वाधिकार नेपाल उद्योग वाणिज्य महासंघ

**प्रकाशक**
नेपाल उद्योग वाणिज्य महासंघ
पचली शहिद शुक्र एफएनसिसिआई मिलन मार्ग, टेकू
काठमाडौं, नेपाल
फोनः ०१ ४३६२०६१,५३६१०२२,५३६२००७
वेभः http://www.fncci.org http://employers.fncci.org

**युवा उद्यमशिलता नीति सारसंक्षेप लेखन तथा सम्पादन**
निरज खनाल
शिशिर ढुगाना

**लेखन सहयोगी**
हंसराम पाण्डेय
हरी पौडेल
रिङ्कु घिमिरे

**मुद्रण सहयोगीः**
अन्तरष्ट्रिय श्रम संगठन, नेपाल

**प्रथम संस्करणः २०८०**

# युवा उद्यमशिलता पोलीसी ब्रिफ २०८०

नेपाल उद्योग वाणिज्य महासंघ
टेकु, काठमाण्डौं, नेपाल ।
फोन नं. ०१ ४३६२०६१,५३६१०२२,५३६२००७
फ्याक्स नं.. ०१ ५३६१०२२ र ,५३६२००७
ईमेलः fncci@mos.com.np

# बिषयसूचि


| | |
|---|---|
| १. सारसंक्षेप | १ |
| २. नीति सारसंक्षेपका प्रमुख सुझाव | १ |
| ३. नेपालमा उद्यमशिलता विकासको स्थिति: | १ |
| ४. युवा उद्यमशिलता विकास सम्बन्धी मौजुदा नीतिको बिश्लेषण | २ |
| ५. नेपालमा युवा उद्यमशिलता विकासका अवरोधक पक्ष: | ५ |
| क) कमजोर आर्थिक सुशासन: | ५ |
| ख) विदेशमा पलायन प्रतिको बढ्दो मानसिकता | ६ |
| ग) अद्यावधिक उद्यमशिल शिक्षा र सीपको अभाव: | ६ |
| घ) युवा उद्यमशिलता प्रवर्द्धन र विकासका लागि प्रणाली र नीतिगत अपर्याप्तता: | ७ |
| ङ) युवा र उद्यमशिलता इकोसिस्टम सम्बन्धी बुझाइएमा रहेको अन्तर: | ७ |
| च) अस्थीर संस्थागत ढाँचा र कमजोर क्षमता: | ८ |
| छ) अनुसन्धान र विकासको सिमितता: | ८ |
| ज) क्षमतायुक्त प्राविधिकको सिमित उपयोग: | ९ |
| झ) स्टार्टअप व्यावसाय संचालनका लागि बैदेशिक लगानीको सीमाका कारण संकूचित अवसर: | ९ |
| ६. उद्यमशिलता विकासका लागि विश्वव्यापी अनुभवको प्रयोग | ९ |
| ७. आगामी कार्यदिशा सहित प्रमुख सिफारिसहरु | ११ |
| क) उद्यमशिल मनोवृत्ति विकास, सीपको संरक्षण र उत्प्रेरण अभिबृद्धि: | ११ |
| ख) युवा उद्यमशिलता विकासको रुपरेखा, अवस्था र वातावरणमा अनुकूल सुधार: | १२ |
| ग) महिला र समावेशी उद्यमशिलताको प्रवर्द्धन: | १२ |
| घ) व्यवसायमा प्रबिधिको एकीकरण: | १३ |
| ङ) दिगो र जोखिम प्रतिरोधी व्यवसायका लागि हरित व्यवसायको प्रवर्द्धन: | १३ |
| च) स्टार्टअप, व्यवसाय विकास केन्द्र र ईकोसिस्टम प्रवर्तकको सम्बर्द्धनमा लगानी अभिबृद्धि: | १३ |
| छ) उद्यमशिलता विकासका लागि समय र वित्तीय स्रोतमा लगानी प्रवर्द्धन: | १४ |
| ज) युवा उद्यमशिलता प्रवर्द्धनका लागि अन्तर सरकारी सहयोग र सहकार्य प्रवर्द्धन: | १४ |



# धन्यवाद ज्ञापन

नेपाल उद्योग बाणिज्य महासंघ (नेउवामहासंघ) ले उद्योग व्यवसाय सम्बन्धी नीति नियमको काममा निरन्तर पहल गर्दै आएको छ । देशको समग्र आर्थिक विकासमा निजी क्षेत्रको योगदान ८१ प्रतिशत छ तथापी निजी क्षेत्रको प्रवर्द्धन गर्न बनेका जे जति ऐन तथा नियमहरु छन् ति सबै उद्योगमैत्री हुन सकेका छैनन् । त्यसैले त ति नीतिहरुलाई उद्योगमैत्री बनाउनु पर्छ भन्नेमा महासंघ निरन्तर लागिरहेको छ यद्यपी, युवा उद्यमशिलता प्रवर्द्धनमा मौजुदा नीतिमा सुधार र उपयुक्त नीति निर्माणको आवश्यकता महासंघको भएको सर्न्दभमा उद्यमशिलताको अवस्था, युवा लक्षित, उद्यमशिलता नीतिको बिश्लेषण गरी एक तिहाई अंश ओगट्ने युवा शक्तिलाई आर्थिक विकासमा समाहित गर्न प्रभावकारी र उद्देश्यमूलक युवा उद्यमशिलता नीति निर्माणमा सघाउ पुऱ्याउने उद्देश्यले महासंघले युवा उद्यमशिलता पोलीसी ब्रिफ (Policy Brief, 2023) तयार गरेकोमा निकै खुशि लागेको छ ।

रोजगारीको सिमित अवसरका कारण रोजगारीको लागि विदेशीन बाध्य भई रहेका युवहरुलाई स्वदेशमै आर्थिक गतिबिधिमा संलग्न गराउन जरुरी छ । यसका लागि युवा लक्षित उद्यमशिलता नीति र कार्यक्रम संचालन हुनु पर्दछ । युवाहरुलाई राष्ट्र निर्माणमा क्रियाशिल बनाउन उपयुक्त नीति नियम बन्न सकेको छैन । नीतिहरु कुनै न कुनै रुपमा बनेका छन् तर ति नीतिहरु पूर्ण र स्पष्ट छैनन् साथै तिनको कार्यान्वयनका लागि उपयुक्त बातावरण बन्न सकिरहेको छैन । युवा उद्यमशिलता सम्बन्धी प्रस्तुत नीति बिश्लेषण दस्तावेजले युवा उद्यमशिलता प्रवर्द्धनका लागि एउटा उपयुक्त र समय सापेक्ष युवा उद्यमशिलता नीतिको निर्माण गर्न सहयोग पुग्ने विश्वास लिएको छु । युवा उद्यमशिलता नीतिको सारसंक्षेप तयार गर्न प्राबिधिक सहयोग उपलब्ध गराएकोमा नेपाल स्थित अन्तराष्ट्रिय श्रम संगठनको कार्यालय र यो दस्ताबेज तयार गर्ने काममा संलग्न बिज्ञहरु शिशिर कुमार ढुंगना (पूर्व अर्थसचिव) र निरज खनाललाई विशेष धन्यबादका साथै महासंघका महानिर्देशक, बरिष्ठ बिज्ञ लगाएत यसमा संलग्न सचिवालयका कर्मचारी तथा सबैलाई एकमुष्ठ धन्यबाद व्यक्त गर्न चाहन्छु । साथै, भविष्यमा पनि समग्र निजी क्षेत्रको अवस्था र यसको विकासका लागि यि र यस्तै बिषयहरुमा अझै बढि खोज तथा अनुसन्धान गरि तपाई समक्ष ल्याउन महासंघ प्रतिवद्ध छ भन्न चाहन्छु ।



चन्द्र प्रसाद ढकाल

अध्यक्ष

## १. सारसंक्षेप

नेपालमा युवा उद्यमशिलताको अवधारणा, अवस्था र प्रवृति एवम उद्यमशिलता प्रवर्द्धनमा रहेको चुनौती, बाधा र असहजता पहिचान गरी समाधानका व्यवहारीक र उपयुक्त रणनीतिक उपाय पहिचान गर्ने उद्देश्यबाट प्रस्तुत युवा उद्यमशिलता "नीतिको सारसंक्षेप" (Policy Brief) नेपाल उद्योग वाणिज्य महासंघ (नेउवामहासंघ) द्वारा तयार गरिएको हो ।

## २. नीति सारसंक्षेपका प्रमुख सुझाव

- उद्यमशिल भावना, प्रेरणा, सहुलियत, मान्यता र कौशल प्रवर्द्धन,
- युवा उद्यमशिलता विकासका लागि कार्यप्रणाली र अनुकूल वातावरण निर्माण र सुधार
- युवा उद्यमशिलता प्रवर्द्धन सम्बन्धी एकीकृत र समग्र नीति तर्जुमा र कार्यान्वयन,
- महिला र समावेशी उद्यमशिलताको प्रवर्द्धन,
- प्रविधियुक्त व्यवसायको प्रवर्द्धन र विकास,
- दिगोपनाका लागि हरित व्यवसाय प्रवर्द्धन,
- स्टार्टअप, व्यवसायिक ईन्क्युवेशन केन्द्र र ईकोसिस्टम प्रवर्द्धनमा लगानी अभिबृद्धि,
- उद्यमशिलता विकासका लागि आवश्यक पर्ने समय र स्रोत व्यवस्थापनमा लगानी अभिबृद्धि ।

## ३. नेपालमा उद्यमशिलता विकासको स्थिति:

राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन अनुसार नेपालको कुल जनसंख्याको करिव २१.६८ प्रतिशत जनसंख्या १५ देखि २४ बर्ष उमेर समूहमा रहेका छन् । साथै, २४ देखि ५४ बर्ष उमेर समूहका जनसंख्या कुल जनसंख्याको करिव ३५.९९ प्रतिशत रहेको छ । जनसंख्याको उपर्युक्त संरचनाको कारण नेपालले जनसाँख्यिक लाभको अधिकतम उपयोग गरी देशमा आर्थिक संमृद्धि हाँसिल गर्न सक्ने संभावना रहेको देखिन्छ ।

आर्थिक रुपमा सक्रिय १५-३४ वर्ष उमेर समूहका व्यक्तिमध्ये अझै पनि करिव ६९.१ प्रतिशत व्यक्ति आर्थिक उपार्जनजन्य रोजगारीको अवसरको खोजीमा रहेका छन् (नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७) । रोजगारीको सिमित अवसरका कारण रोजगारीको अवसर प्राप्त गरिरहेका कुल युवा श्रमशक्तिको ६० प्रतिशत अनौपचारिक क्षेत्रमा आवद्ध रहेका छन् भने छन् भने औपचारिक क्षेत्रमा केवल ४० प्रतिशत मात्र संलग्न रहेका छन् (नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७) । रोजगारीको क्षेत्रमा कायम रहेको उपर्युक्त अवस्थाले युवाहरुको क्षमतालाई पूर्ण रुपमा उपयोग गर्न कायम रहेको अनिश्चितता र असहजतालाई वास्तविक रुपमा चित्रित गर्दछ । यसका अतिरिक्त, कोभिड १९ को विश्वव्यापी महामारी र युरोपेली देशमा चुलिएको राजनीतिक अस्थिरतासंगै कायम रहेको अनिश्चितता र अन्तरर्निभरताका कारण नेपालको अर्थतन्त्रमा सृजना भएको चुनौती, व्यवधान र दुविधाले नेपाली श्रम बजारको विकास र विस्तार अपेक्षित रुपमा हुन सकेको छैन् । नेपालमा युवा बेरोजगारीको संख्या वढदै जानुको प्रमुख कारणको रुपमा उपर्युक्त पक्षलाई स्वीकार गर्ने गरिन्छ ।

विश्व अर्थतन्त्रसंगै नेपालको अर्थतन्त्रका बिभिन्न क्षेत्रमा देखिएका असहजताको बावजुद, अन्तर्राष्ट्रिय श्रम संगठनले (२०२१) नेपालको युवा बेरोजगारीको दर ९.५ प्रतिशत रहने प्रक्षेपण गरेको छ। नेपालको श्रम बजारमा प्रति बर्ष ४ लाख श्रमशक्ति थप हुने अनुमान छ। ठूलो संख्यामा बेरोजगार युवाको चापलाई सामना गरिरहेको हालको संकुचित श्रम बजारले बार्षिक रुपमा थप हुने नयाँ श्रमशक्ति समायोजन गर्ने चुनौती समेत सामना गरिरहेको कारण दिर्घकालीन र दिगो आर्थिक विकासको प्रयासलाई सार्थकता प्रदान गर्ने प्रयासको सफलता उपर प्रश्न खडा भएको छ। देशको जनसाँख्यिक संरचना र आर्थिक परिस्थितिको असरका कारण सृजित अवस्थालाई समाधान गर्न स्वरोजगार, आर्थिक बृद्धि र व्यक्तिगत क्षमता विकासका लागि नव प्रवर्तनात्मक सम्भावनाहरुको खोजी गर्नु आवश्यक भएको छ।

युवामा विस्तारित हुदैं गएको उद्यमशिल व्यवहार र मान्यताले अर्थतन्त्रमा बिद्यमान रहेका समस्या समाधान र वेरोजगारी दर घटाउन सक्ने अथाह सम्भावना रहेको छ। समाजमा सकरात्मक सामाजिक- सांस्कृतिक एवम आर्थिक रुपान्तरणलाई गति प्रदान गर्न परम्परागत रोजगारीको उत्तम विकल्पको रुपमा स्टाटअप हुन सक्ने निश्चित छ। तसर्थ, युवा उद्यमशिलता विकासका लागि अबलम्बन गरिने नीतिले प्रभावकारी उद्यमशील इकोसिस्टमको विकास र सम्वर्दन सहित उद्यमशिलताका लागि युवाको क्षमता अभिबृद्धि मार्फत दिर्घकालीन आर्थिक उपार्जनको आधार तयार गर्न अनुकूल वातावरण तयार हुन्छ।

सन् २०२६ मा अतिकम विकसित राष्ट्रबाट स्तरोन्नती हुदै गर्दा नेपालले न्यून प्रतिव्यक्ति आय र कमजोर निर्यात लगायतका बिभिन्न संक्रमणकालीन चुनौती सामना गर्नुपर्ने अवस्था रहेको छ। तथापी, स्तरोन्नतीको तयारीका लागि प्राप्त अवधीमा व्यावसायिक अन्वेषणलाई आत्मसात मात्र नगरी निजी क्षेत्रका उद्यमको प्रवर्द्धन विशेषतः युवा उद्यमशिलता विकासका क्षेत्रमा केन्द्रित हुन नीतिले योगदान पुर्‍याँउछ।

## ४. युवा उद्यमशिलता विकास सम्बन्धी मौजुदा नीतिको बिश्लेषण

नेपाल सरकारले नेपाली समाजको आर्थिक अवस्थामा सुधार गर्न युवा उद्यमशीलतालाई प्रभावकारी अस्त्रको रूपमा स्वीकार गरेको छ। नेपालमा उद्यमशीलता ईकोसिस्टमको अवधारणा प्रारम्भिक अवस्थामा नै रहेको भएता पनि पछिल्ला बर्षमा युवामा उद्यमशील मानसिकताको विकास र प्रवर्द्धनका धेरै प्रयास हुँदै आएका छन्। पन्ध्रौं आवधिक योजना (राष्ट्रिय योजना आयोग २०७६/७७ - २०८०/८१) ले युवा उद्यमशीलता विकासका लागि जोड दिनुका साथै निजी क्षेत्रको साझेदारीमा व्यवसाय विकास केन्द्र स्थापना, युवा उद्यमीलाई वित्तीय सहयोग पुर्‍याउन सृजनशिल वित्तीय कोष र प्रतिष्पर्धी खुल्ला कोषको प्रभावकारी उपयोग, उद्यमीहरुको सृजनशिलता र नव प्रवर्तनको बौद्धिक सम्पत्ति अधिकार संरक्षण गर्ने लगायतका विभिन्न कार्य नीति लिएको लिएको छ। सरकार तथा निजी क्षेत्रका बिभिन्न तहसँगको सहकार्यमा उद्यमशिलता विकास केन्द्र स्थापना गर्ने लक्ष्य लिइएको छ। नेपाल सरकारले स्वरोजगार र उद्यमशीलताको प्रवर्द्धन गरी उत्पादन र रोजगारी बढाउने रणनीति अवलम्बन गरेको छ।

राष्ट्रिय युवा नीति अनुकूल हुने गरी युवा तथा खेलकुद मन्त्रालयले तर्जूमा गरेको दश वर्षे रणनीतिक योजनाले रोजगारी, उद्यमशीलता र सीप विकासलाई युवाको समग्र विकासको प्रमुख आधारको रुपमा स्वीकार गरेको छ । राष्ट्रिय युवा नीति, २०७२ ले युवा उद्यमशिलता प्रवर्द्धन र व्यवसाय विकास केन्द्र संचालन गरी युवाहरुका समस्या समाधान गर्ने राणनीति अबलम्वन गरेको छ। उक्त नीतिले कमजोर बर्ग तथा समुदायको लागि कर सहुलियतको व्यवस्था, बित्तीय स्रोत र साधन माथीको पहुँच अभिबृद्धि, युवा उद्यशिलता संजाल निर्माण र युवा अनुभव आदान-प्रदान कार्यक्रम संचालन गर्ने कार्यक्रम तय गरेको छ । राष्ट्रिय रोजगार नीति, २०७१ ले युवालाई उद्यमशीलता र स्वरोजगार प्रवर्द्धनमा सहयोग पऱ्याउने प्रकृतिका तालिममा जोड दिनुका साथै उनीहरुलाई व्यवासाय विकास सेवा र संचारका माध्यमबाट जागरण र सचेतना, वित्तीय सेवामाथीको युवाको पहुँच अभिबृद्धिका लागि निजी लगानी कोष Venture Capital Fund को सुविधा उपलब्ध गराउने रणनीति अबलम्बन गरेको छ ।


सरकारका मौजुदा योजना तथा कार्यक्रममा नेपालमा युवा उद्यमशीलताको महत्वलाई जोड दिएको छ । तदनुरुप नेपाल सरकारको बार्षिक नीति तथा कार्यक्रम मार्फत नव प्रवर्तनमा आधारित स्टार्टअपको स्थापना र संचालनको प्रतिबद्धता, युवा उद्यमीलाई स्वदेशमा नै व्यवसाय संचालन, उद्यमशीलता विकास, वौद्धिक सम्पत्ति अधिकारको संरक्षण, नवप्रवर्तन, सृजनशिल प्रविधिको विकास, वित्तीय स्रोत र साधनमाथीको पहुँच अभिवृद्धि र परम्परागत सीप र ज्ञानको आधुनिकीकरणका कार्यक्रम सञ्चालन गर्ने घोषणा गरिएको छ । उपर्युक्त नीति तथा कार्यक्रमले स्टार्टअपको अपार सम्भावनालाई उजागर गर्दै युवाहरु माझ उद्यमशीलता प्रवर्द्धनका लागि सरकारले संचालन गर्ने कार्यक्रमको प्राथमिकताको निर्धारण गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले उद्यमशीलता मार्फत दीर्घकालिन आर्थिक विकास सुनिश्चित गर्ने लक्ष्य राखेको छ । निजी क्षेत्र र प्राज्ञिक संस्थासंगको सहकार्यमा व्यवसाय विकास (ईन्क्यूवेसन) केन्द्रहरुको स्थापना गर्ने नीति अबलम्बन गरिएको छ । सन २०३० सम्म नेपाललाई स्टार्टअप राष्ट्र बनाउने लक्ष्य सहित व्यवसाय विकास (ईन्क्यूवेटर) स्थापनार्थ नेपाल मै पहिलो पटक गत बर्षको २५ जुलाई २०२२मा सबै सरोकारवालाको सहभागितामा राष्ट्रिय सम्मेलन आयोजना गरिएको थियो । उक्त सम्मेलनमा नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ, अन्तरप्रेरणा, एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय संस्था (ICIMOD and PUM नेदरल्यान्ड्स र ILO SME Summit यस क्षेत्रमा क्रियाशील वरिष्ठ विशेषज्ञको सहभागिता रहेको थियो । स्थानीय प्रतिभा र स्रोतको उच्चतम परिचालन गरी स्वाबलम्वी, समावेशी, हरित एवम् दरिलो अर्थतन्त्र निर्माण गर्ने प्रतिवद्धता उक्त सम्मेलनमा गरिएको थियो । युवामा उद्यमशील मनसिकता विस्तार, उद्यमशीलता अभिवृद्धि र प्रविधिक विकासका लागि आवश्यक नीति तर्जुमा र कार्यान्वयन गर्ने उद्देश्य सम्मेलनले लिएको थियो ।

साथै, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले नेपालमा व्यवसायिक ईन्क्यूवेसन स्थापनाको सम्भाव्यता अध्ययनका लागि “अर्न्तप्रेरणा” को तर्फबाट तयार गरिएको प्रतिवेदन कार्यान्वयन प्रारम्भ गर्ने प्रतिवद्धता सम्मेलनको क्रममा जनाएको छ । उक्त संभाव्यता अध्ययन प्रतिवेदनमा नेपालमा व्यवसाय विकास केन्द्र स्थापनाका लागि निम्नानुसारका सुझाव प्रस्तुत गरिएको छ ।

**क)** सरकारले युवा उद्यमशिलता विकासका लागि अनुकूल नीति र रणनीति तर्जुमा, स्टार्टअप व्यवसायका लागि आवश्यक कानूनी व्यवस्थाको खाका तयारीका साथै व्यावसाय विकास र ईन्क्यूवेसन केन्द्र स्थापना र संचालनका लागि वित्तिय र गैर वित्तिय प्रोत्साहन उपलब्ध गराउने ।

**ख)** व्यवसाय विकास केन्द्र स्थापनाका लागि सरकार, प्राज्ञिक संस्था र व्यावसायिक समूहको भूमिका र जिम्मेवारी एवम उत्तरदायित्व सहितको Triple Helix model उत्कृष्ट मानिन्छ । जहाँ उद्यमशिलता ईकोसिष्टम प्रवर्द्धक र अन्य सरोकारवालालाई संगठित गर्ने कार्यमा सहयोग मिल्छ । अध्ययनले नेपालमा राजनीतिक, प्रशासकीय र स्थानीय पर्यावरण र तीनको अनुकूलताका आधारमा तीन प्रकारका ईन्क्यूवेसन केन्द्र सिफारिस गरेको छ ।




Source: Feasibility study, Antarpreenas 2021

**ग)** सरकारले व्यवसाय विकास केन्द्रहरुको प्रवर्द्धन र तिनका गतिबिधिको मूल्याँकन तथा निजी क्षेत्रबाट संचालन हुने व्यवसाय विकास केन्द्रको पहिचान र प्रवर्द्धनका लागि लगानी गर्नुका साथै व्यवसाय विकास केन्द्रको संचालनमा सार्वजनिक निजी साझेदारी नीति अबलम्बन गर्ने ।

युवा उद्यमशिलता विकासका लागि नेपाल सरकारले अवलम्वन गरेका नीति तथा सञ्चालन गरेका कार्यक्रमका अतिरिक्त तीव्र रुपमा विस्तारित हुदैं गएको भेञ्चर (Ventrue) पूँजिको अवधारणा एवम् व्यवसाय विकास केन्द्रको विकासले शहरोन्मुख क्षेत्रमा स्टार्टअप र युवा उद्यमशिलता विकासका लागि उत्साहप्रद वातावरण तयार भएको छ । साथै, प्राज्ञिक संस्थामा प्रारम्भ गरिएको उद्यमशिलता कार्यक्रमको कारण युवावर्गमा उद्यमशिलता चेतना बढ्नुका साथै सीप आर्जनसंगै उद्यमशिल मानसिकता प्रोत्साहन गर्न सहयोग मिलेको छ ।

औद्योगिक व्यवसाय ऐन, २०७६ र औद्योगिक व्यवसाय नियमावली, २०७८ मा नवप्रर्वतन (स्टार्टअप) का सम्बन्धी छुट्टै व्यवस्था नरहेता पनि लक्षित वर्गका महिला तथा विपन्न वर्गका लागि उद्यमशिलता प्रर्वद्धन गर्न कर तथा भन्सार महसूल छुटको सुबिधा र केहि सहुलियत प्रदान गर्ने व्यवस्था गरिएको छ । नवप्रर्वतन वा स्टार्टअपको परिभाषा ती कानूनमा गरिएको छैन । यी व्यवसायलाई लघु व्यवसाय भित्र समाबेश गरी ती उद्यम तथा व्यवसायलाई कर तथा भन्सार महसूल सुविधा प्रदान गर्नुका साथै ती उद्यमको दर्ता, नविकरण तथा संचालन र व्यवस्थापनमा प्रोत्साहन सहित सहुलियत तथा छुट प्रदान गरिएको छ ।

विशेष आर्थिक क्षेत्र ऐन, २०७३ मा पनि स्टार्टअप व्यवसायका लागि उद्यमशीलता प्रवर्द्धनका कार्यक्रमले यथोचित स्थान पाउन सकेको छैन । तथापी, यसमा विशेष आर्थिक क्षेत्र भित्र स्थापित उद्योगलाई कर तथा भन्सार सम्बन्धी प्रोत्साहन, सहुलियत र छुटको व्यवस्था गरिएको छ ।

आयकर ऐन, २०५८ र आर्थिक ऐन, २०७९ मा स्टार्टअप वा नवप्रर्वतन व्यवसायको प्रवर्द्धन सम्वन्धी बिशेष व्यवस्था नभएता पनि ठूला उद्योगहरूद्वारा स्टार्टअप प्रवर्द्धनका लागि उपलब्ध गराईएको रकमलाई आयकर गणना गर्दा छुट प्रदान गर्ने व्यवस्था गरेको छ भने आयकर ऐनले निश्चित रकमसम्म कारेबार गर्ने करदाता, व्यवसाय र उद्यमलाई छुट र प्रोत्साहनको विशेष व्यवस्था गरेको छ ।

साझेदारी ऐन, २०२० ले पनि स्टार्टअप प्रवर्द्धन र युवा उद्यमशीलता विकासका लागि विशेष व्यवस्था गरेको छ । स्टार्टअप उद्यमलाई कानूनी रुपमा परिभाषित नगरिएको कारण ती उद्योगले विशेष सहुलियत र सुविधा प्राप्त गर्न सकेका छैनन् । तथापी, सरकारले स्टार्टअप सहित युवा उद्यमशिलताको प्रवर्द्धन गर्ने कार्यको थालनी गरेको छ । स्टार्टअप फन्ड, चुनौती (च्यालेन्ज) फन्ड, र सहुलियतपूर्ण कर्जा कार्यक्रम संचालनमा आएका छन् । साथै, युवा उद्यमीलाई लक्षित गरी क्षमता विकासका कार्यक्रम पनि प्रारम्भ गरिएका छन् । स्टार्टअप नीति जारी गर्ने प्रक्रिया अन्तिम चरणमा रहेको छ । स्टार्टअप ऋण कोष संचालन कार्यबिधि, २०७९ जारी गरी स्टार्टअप, नव प्रर्वतन व्यवसायका तर्फबाट व्यवसाय संचालनका लागि प्रस्ताव आव्हान गरिएको छ । अधिकाँश प्रदेश सरकारले पनि स्टार्टअप कोष स्थापना गरी कार्य प्रारम्भ गरिसकेका छन् ।

## ५. नेपालमा युवा उद्यमशिलता विकासका अवरोधक पक्षः

**बिश्वका धेरै युवा उद्यमीले सामना गरेका समस्या नेपाली युवा उद्यमीले पनि सामना गरिरहेका छन् ।** युवा उद्यमी र स्वरोजगार व्यवसायका लागि सहयोग सम्वन्धी मौजुदा व्यवस्था अध्ययन गर्ने सिलसिलामा अन्तर्राष्ट्रिय श्रम संगठनले हालै गरेको मेटा-विश्लेषण (Meta–Analysis – 2021) को प्रतिवेदन अनुसार अपर्याप्त वित्तीय पहुँच, कमजोर बजार प्रतिस्पर्धा र नीति निर्मातामा अपर्याप्त व्यवसायिक ज्ञानका कारण युवा उद्यमीले थुप्रै चुनौतीलाई सामना गर्नु परिरहेको बताएको छ । न्यून पूँजि र अपर्याप्त व्यावसायिक विशेषज्ञता जस्ता समान प्रकृतिका समस्याका अतिरिक्त राष्ट्रिय र स्थानीयस्तरमा कायम रहेका अनेकौं चुनौतीको सामना गर्न नेपाली युवा उद्यमी वाध्य छन् । उपर्युक्त पृष्ठभूमिमा नेपालका युवामा व्यावसायिक संस्कार र व्यवहारका अतिरिक्त उद्यमशिलता प्रवर्द्धन गर्न देहायका पक्षलाई प्रमुख अवरोधकको रुपमा पहिचान गरिएको छ ।

### क) कमजोर आर्थिक सुशासनः

आर्थिक क्रियाकलाप र आर्थिक कारोबारलाई सहयोग पुग्ने आर्थिक सुशासनका परिसूचकको सवलिकरणमा नेपालको प्रयासले अपेक्षित रुपमा नतिजा दिन सकेको छैन । संघीय शासन प्रणाली अनुसार राज्यको

पुनर्संरचना भई विभिन्न तहका अधिकार सम्पन्न सरकार क्रियाशील रहेता पनि व्यावसायिक वातावरण बनाउन ती सबै सरकार अपेक्षित रुपमा सफल छैनन् । केन्द्रिय तथ्यांक बिभाग (हाल राष्ट्रिय तथ्यांक कार्यालय) ले सन् २०१८ मा सञ्चालन गरेको राष्ट्रिय आर्थिक गणनाको प्रतिवेदन अनुसार नेपालमा स्थापना भई संचालनमा रहेका कुल ९ लाख २३ हजार, २७ व्यवसायिक प्रतिष्ठानमध्ये ४९.९ प्रतिशत अर्थात ४ लाख ६० हजार ४ सय २२ व्यवसाय बिना दर्ता वा अनौपचारिक रुपमा संचालन हुँदै आएका छन । अनौपचारिक व्यावसाय कै कारण औपचारिक व्यवसायले आफ्ना गविविधि विस्तार गर्न सकेका छैनन् । निजी क्षेत्रको विकास र सहजीकरणका लागि कार्यान्वयशील नीति तथा कार्यक्रम तर्जुमा हुन सकेको छैन् । कमजोर संरचना र नीति तथा कार्यक्रमको फितलो कार्यान्वयन कै कारण व्यापार व्यवसाय अपेक्षित रुपमा विकास र विस्तार हुन सकेका छैनन् । कमजोर आर्थिक सुशासनको कारण राजस्व संकलनमा न्यूनता आएको, व्यापार/घाटा वढ्दै गएको, मुद्रास्फीतिको दर उच्च रहेको, तरलता अभावको समस्या नियमित वनेको र समग्र आर्थिक सूचक कमजोर देखिएको छ । यस प्रकारको कमजोर आर्थिक सुशासनका सूचकले स्वदेशी तथा बिदेशी लगानी आकर्षित गर्न गरिएका प्रयासले सार्थक नतिजा दिन सकेको छैन् ।

### ख) विदेशमा पलायन प्रतिको बढ्दो मानसिकता

*"घाँस अर्को तर्फ जहिल्यै हरियो हुन्छ"*,यो पुरानो उखान बिदेशमा रोजगारी र वृत्ति विकासका अवसरको खोजीमा विदेशिने नेपालका युवाहरुको हकमा चरितार्थ भएको देखिन्छ । अधिकाँश नेपाली युवाहरु अध्ययनको क्रमदेखि नै उच्च शिक्षा वा रोजगारीका अवसर खोज्न विदेश जान उत्प्रेरित भएका देखिन्छन् । कठिन परिश्रमको बावजुद पनि नेपालमा पेशागत असुरक्षा कायम रहेको जिविकोपार्जन लागत सबै महंगो बन्दै गएको र अपेक्षित पारिश्रमिक प्राप्त गर्न नसकेको कारण स्वदेशमा आफ्नो भविष्य सुरक्षित नहुने अनुमानका आधारमा अधिकाँश युवाशक्ति विदेश तर्फ पलायन हुने प्रवृत्ति वढ्दै गएको छ । यसका अतिरिक्त शासकीय प्रणली, निजी क्षेत्र प्रतिको दृष्टिकोण लगायतका अन्य कारणले पनि युवा विदेशिने क्रम वढ्दै गएको छ ।

### ग) अद्यावधिक उद्यमशिल शिक्षा र सीपको अभाव:

नेपालमा सञ्चालन हुँदै आएको उद्यमशिलता प्रवर्द्धन सम्बन्धी शिक्षा र प्रयोगमा ल्याईएको सीपको स्वरुप परम्परागत प्रकृतिको छ । विश्वका विभिन्न भागमा विकसित उद्यमशिलता विकास सम्वन्धी तालिम वा सीपका पाठ्यक्रम र विधि राष्ट्रिय र स्थानीय सन्दर्भ अनुकूल समायोजन नहुदाँ तालिम र सीपका कार्यक्रम अद्यावधिक र समयसापेक्ष हुन सकेका छैनन् । विश्वमा उद्यमशिल शिक्षा पद्धतीलाई नयाँ प्रबिधि र सीपहरुका आधारमा नियमित रुपमा अध्याबधिक र उन्नत गरिन्छ । तर नेपालमा प्रयोगमा रहेका पाठ्यक्रम वा सीप प्रशिक्षण विधिको परिमार्जन नियमित र वजार आवश्यकता वमोजिम भएको देखिदैंन् । जबसम्म सैद्धान्तिक पक्षमा मात्र केन्द्रित शिक्षा प्रणाली रहिरहन्छ तवसम्म बजारले चाहे अनुसारको सीप र सृजनायुक्त जनशक्ति विकासको संभावनाको परिकल्पना पनि हुन सक्दैन् ।

**घ) युवा उद्यमशिलता प्रवर्द्धन र विकासका लागि प्रणाली र नीतिगत अपर्याप्तताः**

नेपालमा, कुनै पनि उद्यमीलाई निजको उद्यम यात्राको सिलसिलामा परिवार, शैक्षिक संस्था तथा अन्य कुनै संस्थाबाट सहयोग तथा सल्लाह दिने प्रणाली विकास हुन सकेको छैन। नेपालमा उद्यमशिलता ईकोसिस्टमको अवधारणा र यसको प्रयोग विस्तारै अगाडी बढ्दै गएको छ। तर, यसको विकासका लागि अझै पनि सरकार, निजी क्षेत्र र प्राज्ञिक निकाय लगायतका अन्य सरोकारवाला बिच मतएक्यता कायम भएको देखिदैन। युवा उद्यमीको विकासका लागि सहयोग तथा सहजीकरण गर्ने संयन्त्रको अभावमा स्टार्टअप र युवा उद्यमशिलता विकास सम्वन्धी नीतिको कार्यान्वयनको जिम्मेवार निकायको उपस्थिति देखिदैंन्। फलतः सरकारले जारी गरेका नीति तथा कार्यक्रमको कार्यान्वयन कमजोर रहेको छ। उद्यमशिलताको विकासका लागि एकिकृत र व्यवस्थित नीति सुधारका लागि युवाहरुको भूमिका बढ्नु पर्दछ। सरकारका अधिकाँश योजना तथा नीतिमा उद्यमशिलता विकासका विषयलाई समावेश गरिएको भएतापनि ती नीति, योजना र कार्यक्रममा युवाको पहुँच र कार्यान्वयनशीलता कमजोर रहेको देखिन्छ। तसर्थ, युवा लक्ष्यित उद्यमशिलता सम्वन्धी कार्यान्वयनशील कार्यक्रम सहितको योजना तथा कार्यक्रम तर्जुमा गर्नु जरुरी देखिन्छ। नेपालमा योजना र कार्यक्रमको उद्देश्य र नतिजा निर्धारण मै ठूलो अन्तर रहेको र यसको कारण समग्र विकास, उद्यमशिलता र रोजगारीका अवसरहरु संकुचित हुने गरेको तथ्य राष्ट्रिय योजना आयोगले आफ्नो प्रतिवेदन मार्फत समेत सार्वजनिक गरेको छ।

**ङ) युवा र उद्यमशिलता इकोसिस्टम सम्बन्धी बुझाइएमा रहेको अन्तरः**

रोजगारी सृजनाका माध्यमको रुपमा परम्परादेखि नै लघु तथा मझौला उद्योगको स्थापना र सञ्चालनमा राज्यको नीति केन्द्रीत रहेको देखिन्छ। वदलिदों आर्थिक तथा सामाजिक संरचना एवम् प्रविधिमा आधारित उत्पादन तथा वितरण प्रणालीको परिवेशममा रोजगारी सृजनाको परम्परागत मान्यता र तरिकामा परिमार्जन गरी स्टार्टअपको स्थापना, सञ्चालन, बृद्धि, विकास र निरन्तरताका लागि नीतिगत दृष्टिकोणमा परिवर्तन आवश्यक रहेको छ। एकीकृत पर्वतीय विकासका लागि अन्तर्राष्ट्रिय संस्था (ICIMOD) र अन्तरप्रेरणाले हालै गरेको अध्ययन अनुसार, घरेलु, साना तथा मझौला उद्योग र स्टार्टअप व्यवसायको विचको भिन्नता र तीनको आवश्यकताको वोध सम्वद्ध पदाधिकारीमा गराउन सकिएको छैन्। युवा उद्यमशिलता विकासका लागि विश्वव्यापी रुपमा विकसित नयाँ मान्यता, लगानी संयन्त्र, उद्यशिल ईकोसिस्टम लगायतका पक्षमा रहेको न्यून ज्ञानका कारण नेपालमा युवालाई उद्यमशिलता तर्फ आकर्षण र प्रवर्द्धन गर्ने कार्यक्रमको कार्यान्वयनले सार्थकता पाउन सकेको छैन्। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तरप्रेरणाद्वारा संयुक्त रुपमा सन् २०२१ मा सञ्चालन गरेको स्टार्टअप व्यवसाय सम्वन्धी अध्ययन प्रतिवेदन अनुसार नवप्रर्वतकमा बजारको सिमित ज्ञान हुनु, व्यवसाय संजाल निर्माणमा धेरै समय बिताउनु, ग्राहकसंग अर्न्तक्रिया अपेक्षित रुपमा कमजोर हुनु र लगानी उपरको पर निर्भरता वढ्दै जानु लगायतका कारणले अधिकाँश स्टार्ट अप व्यवसाय असफल भएका देखिन्छन्। आध्ययनता र अन्तरप्रेरणाले सन् २०२२ मा संयुक्त रुपमा गरेको एक अर्को अध्ययन अनुसार अपर्याप्त व्यवसायिक मार्गनिर्देशन, कमजोर ब्रण्डिङ, अस्थिर बजार, उत्पादित बस्तु वा सेवाको मापदण्ड र गुणस्तर सुनिश्चिततामा कायम रहेको असहजता, वित्तीय पहुँचमा रहेको खाडल / लघु, घरेलु तथा मझौला उद्यम र स्टार्ट अप व्यवसायलाइ समान व्यवहार गर्ने नीति नै स्टार्टअपको विकासका प्रमुख बाधक पक्षको रुपमा रहेको निष्कर्ष रहेको छ।

### च) अस्थीर संस्थागत ढाँचा र कमजोर क्षमताः

निजी क्षेत्रको विकास र विस्तारका लागि निर्माण गरिएका संस्थागत प्रवन्ध/नियामकीय ढाँचाको विचमा सामञ्जस्यता कायम गर्नु जरुरी हुन्छ। सार्वजनिक निकायको लामो र झण्झटिलो कार्य प्रक्रियाका कारण युवा उद्यमीमा उक्त प्रक्रिया पुरा गर्ने क्षमता र सामर्थ्यता कमजोर हुनुका साथै उक्त प्रक्रिया प्रति धेरै नै असन्तुष्टी रहेको पाईन्छ। कार्य प्रक्रियालाइ व्यवस्थित गर्ने Standard Operating Procedure (SOP) नहुदाँ प्रक्रियागत अस्पष्टता सहित युवा उद्यमी उपर गरिने उदासिन व्यवहारले युवा उद्यमी निकै नै प्रताडित हुनु पर्ने अवस्था रहेको छ। साथै, युवा उद्यमशिलता विकास तथा स्टार्टअपको प्रवर्द्धन गर्ने जिम्मेवार निकायको अभावमा स्टार्टअप सम्वन्धी नीति र स्टार्टअप तथा युवा उद्यमीको प्रवर्द्धन र विकासका लागि सरकारले विनियोजन गरेको रकम समेत निकै वर्षदेखि परिचालन हुन सकेको छैन्। उद्यमशिलता विकासका लागि संघीय र प्रदेश सरकारले विनियोजन गरेको रकम परिचालन गर्ने वस्तुनिष्ठ आधार र नीति नहुदाँ प्रदेश र स्थानीय तहमा युवा उद्यमशिलता प्रवर्द्धनका कार्यक्रमले सार्थकता पाउन सकेको छैन्। घरेलु तथा साना उद्योग बिभाग र लघु, घरेलु, साना तथा मझौला उद्योग प्रवर्धन केन्द्रको सहयोगमा अन्तरप्रेरणाले तयार गरेको व्यवसाय विकास केन्द्र स्थापना र सञ्चालन सम्वन्धी कार्यबिधि स्वीकृत भइ व्यवसाय विकास केन्द्र स्थापना सम्वन्धी कार्यले गति लिन सकेको छैन। लामो समयदेखि स्वीकृत हुन नसकेको स्टार्टअप नीतिको कारण स्टार्टअप व्यवसायको परिचय, वर्गीकरण, प्रवर्द्धन र विकास तथा ती व्यवसायलाई प्रदान गरिने सुविधा तथा सहुलियतको स्वरुप पनि यकिन हुन सकेको छैन्।

### छ) अनुसन्धान र विकासको सिमितताः

युवा उद्यमशिलताका सन्दर्भ र मुद्दा पहिचान गरि तथ्य र प्रमाणमा आधारित नीति तर्जुमा गर्न तथ्याङ्क र सूचनाको प्राप्ति र प्रयोगलाई व्यवस्थित गरिनु जरुरी हुन्छ। अध्ययन तथा अनुसन्धानको प्रक्रियालाई तीव्रता दिदैं अनुसन्धानवाट प्राप्त सूचना वा विवरणका आधारमा नीतिलाइ सामयिक रुपमा परिमार्जन गरिनु आवश्यक रहेको सन्दर्भमा तथ्याङ्क र सूचनाको वलियो र भरपर्दो आधार तयार गर्नु पर्दछ। उद्यमशिलता सम्वन्धी नीति तर्जुमा गर्दा नेपालमा सञ्चालनमा रहेका उद्यम तथा प्रतिष्ठानको अवस्था, ती प्रतिष्ठानले सामना गरेका चुनौती, लगानीका लागि आवश्यक स्रोतको उपलव्धता र व्यवस्थापन लगायतका विषयमा सवल तथ्याङ्क प्रणालीको विकास र सोको प्रयोग जरुरी हुन्छ। स्टार्टअप व्यवसायलाई थप सान्दर्भिक एवम् प्रभावकारी वनाउन, ती व्यवसाय सम्वन्धी नीति तर्जुमा गर्न र नेपाल सरकारले तर्जुमा गरेका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न अनुसन्धान पद्धतीलाइ जोड दिनु जरुरी हुन्छ। तथापी, हालसम्म जारी भएका नीति र कार्यक्रमलाइ अनुसन्धान तथा प्रमाणमा आधारित वनाउन निकै सकस भएको छ। अनुसन्धान र विकासको माध्यमवाट स्टार्टअपलाई थप सार्न्दभिक र प्रभावकारी बनाउने, स्रोतको उचित वितरण, नियमित अनुगमन तथा मूल्यांकनको माध्यमबाट युवा उद्यमशिलतासंग सम्बन्धित बिभिन्न गतिविधि र कार्यक्रमको कार्यान्वयनलाई तीव्रता दिनु आवश्यक देखिन्छ। नीतिको कार्यान्वयनशीलता र सफलता सहित कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुसन्धान र विकासमा जोड दिनु आवश्यक छ।

**ज) क्षमतायुक्त प्राविधिकको सिमित उपयोगः**

स्टार्टअपको प्रवर्द्धन र विकासका लागि युवाका माझमा तालिम प्राप्त सल्लाहकार, व्यवसाय विकास केन्द्र व्यवस्थापक र अन्य सेवा प्रदायकको पहुँच सरल र सहज हुनुपर्दछ । स्टार्टअप व्यवसायको प्रवर्द्धनमा क्रियाशील प्रशिक्षक वा व्यवस्थापक आधुनिक व्यावसायिक मान्यता र सीपसंग आवद्ध र जानकार रही क्षमतावान हुनु जरुरी मानिन्छ । साथै, उद्यमशिलताको विकासका लागि उद्यमशिलता ईकोसिस्टमका साझेदारहरु जस्तैः सरकारी पदाधिकारी, प्राज्ञ, निजी क्षेत्रका पदाधिकारीमा उद्यमशिल मानसिकता, व्यवहार र कार्यशैली प्रवर्द्धन हुनु जरुरी मानिन्छ। यसका लागि व्यवसाय विकास केन्द्र तथा यसका अभियान्तहरुको क्षमता वृद्धि र प्रवर्द्धकको पहुँचमा विस्तार हुनु जरुरी हुन्छ । तथापी, व्यवहारमा सक्षम र योग्यताप्राप्त व्यवसाय विकास सहजकर्ताको उपयोग र क्रियाशीलता कमजोर रहेको छ । फलतः स्टार्टअप व्यवसाय सञ्चालन गर्न चाहने युवाले सम्वन्धित विज्ञवाट परामर्श वा सहयोग पाउन सकेको छैनन् ।

**झ) स्टार्टअप व्यावसाय संचालनका लागि बैदेशिक लगानीको सीमाका कारण संकूचित अवसरः**

नेपाल सरकारले विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७७ वमोजिम नेपालमा आप्रवाह हुने वैदेशिक लगानीको न्यूनतम सीमालाई रु २ करोड निर्धारण गरेको छ । यद्यपी, आर्थिक वर्ष २०८०।८१ को वजेट वक्तव्य मार्फत उक्त सीमालाइ घटाउने प्रतिवद्धता व्यक्त गरिएको छ । हालको व्यवस्था परिमार्जन नभएसम्म विदेशी लगानीको सीमा रु २ करोड नै रहेको छ। तर, उद्यमशिलता प्रवर्द्धनका लागि सहयोग पुग्ने स्टार्टअप व्यवसायका लागि उक्त सीमा वढी भएको कारण स-साना लगानी आकर्षित गर्न सकिएको छैन् । सिमित पहुँच र सञ्जालका कारण नयाँ प्रकृतिको व्यवसाय थालनी गर्ने नेपालका युवाले यो परिमाणमा बिदेशी लगानी प्राप्त गर्न सक्ने वित्तीय र प्राविधिक आधार देखिदैंन् । स्टार्टअप व्यवसाय आफैमा थोरै लगानीमा स्थापना गर्न सकिने व्यवसाय हो । यस प्रकारको व्यवसायले आफ्नो व्यवसाय बिस्तरका लागि विश्वभरीबाट स-सानो रकम जुटाउन सक्दछ, तर नेपालमा निर्धारण गरिएको हालको न्यूनतम सीमाको वन्देजको कारण स्टार्टअपको साना लगानी प्राप्त हुने वाटो वन्द भएको छ । अधिकाँश नेपाली युवा व्यवसायीले आफ्नो व्यवसाय विस्तार गर्न विदेशी कोष परिचालन गर्ने अनुकूल वातावरण निर्माण हुन सकेको छैन् ।




## ६. उद्यमशिलता विकासका लागि विश्वव्यापी अनुभवको प्रयोग

अन्तराष्ट्रिय श्रम संगठन (ILO 2021) का अनुसार, बिभिन्न देशका उद्यमशिलता ईकोसिस्टम संचालन गर्ने अभियान्ताले युवा उद्यमशिलता विकासका लागि देहायका प्रमुख तीन पक्षमा आफ्ना प्रयासलाई केन्द्रित गरेका छन् ।

- उद्यमशिलता तालिम (व्यावसायिक ज्ञान र सीपमा युवाको पहुँच बढाउनुका साथै व्यवसाय र व्यवस्थापन तालिम कार्यक्रममा युवा सहभागिता अभिबृद्धि),
- उद्यमशिलता विकास र प्रवर्द्धनका लागि परामर्श सेवा (विशेषज्ञ सल्लाह र प्रशिक्षण सहित व्यावसायिक सञ्जाल निर्माण, बजार पहुँच विस्तार, मूल्य श्रृङ्खला अभिवृद्धि), र
- वित्तीय पहुँच (कर्जा सुविधा, नगद वा वस्तुगत अनुदान एवम माईको फ्रन्चाईजिङ्ग)

सौहाद्रपूर्ण ढङ्गवाट निश्चित परिमाणमा वस्तु वा सेवाको व्यावसायिक नमुना खोजी, विकास र प्रमाणिकरण गरी सञ्चालन गरिने कम्पनी वा परियोजना नै स्टर्टअप हो । भारत, केन्या र नेदरल्याण्ड लगायत विश्वका अन्य देशका सरकारले आफ्नो देशमा स्टार्टअप व्यवसायका लागि अनुकूल वातावरण निर्माण र तदनुरुपका सहयोगी कार्यक्रम प्रारम्भ गरी देशको आर्थिक विकासका आधारलाई वृहत वनाउन सफल भएका छन् । भारत सरकारले प्रारम्भ गरेको स्टार्टअप इन्डिया कार्यक्रमको माध्यमबाट व्यवसायको सञ्चालनमा सरलीकरण र हातेमालो, लगानी सहयोग र प्रोत्साहन एवम व्यावसायिक क्षेत्र र प्राज्ञिक संस्था बिच साझेदारी तथा ईन्क्यूवेसन केन्द्रको स्थापना र सञ्चालनमा सहयोग केन्द्रीत गरी उद्यमशिलता ईकोसिस्टमको प्रवर्द्धन गरिएको छ । केन्यामा संचालित पाँच प्रमुख स्टार्टअप व्यवसायले तीन वर्षमा प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा केन्यामा सृजना हुने रोजगारीमा ७२ प्रतिशत थप गर्न सफल भएका छन् । युवा उद्यमशिलता प्रवर्द्धनका लागि गरिएको लगानीले रोजगारी, आय आर्जन र व्यवसायिक दक्षता अभिबृद्धिमा सकारात्मक प्रभाव पार्ने तथ्य विश्वव्यापी अनुभव तथा विभिन्न अध्ययनले पुष्टि गरिसकेको छ । विश्वव्यापी रुपमा युवा उद्यमशिलता अभिवृद्धी कार्यक्रम सञ्चालनवाट प्राप्त अनुभव तथा सिकाइको नतिजाका आधारमा अन्तराष्ट्रिय श्रम संगठनले (ILO, 2021) युवा उद्यमशिलता विकास र स्व-रोजगारी विस्तार गर्न देहायको विधि अवलम्वन गरिएको पाइन्छ ।

- प्रमाणमा आधारित योजना तर्जुमा र कार्यान्वयन, स्टार्टअप व्यवसायको प्रवर्द्धन र विकासका लागि गरिएका प्रयासको प्रभाव मापन तथा कामका सिलशिलामा प्राप्त अनुभवका आधारमा कार्यविधि, संरचना र नीतिमा सुधार वा परिमार्जनका क्षेत्र पहिल्याउन प्रभावकारी अनुगमन तथा मूल्यांकन,
- युवा उद्यमशिलताको प्रवर्द्धन र बजार व्यवस्थापनमा अनुकूलता सृजना गर्ने प्रणालीमा सकारात्मक प्रभाव पार्न एकीकृत र समग्र अवधारणाको अवलम्वन । बजारको माग र मौजुदा आपूर्ति प्रणालीमा सुधार गरी उत्पादन अभिबृद्धि, उत्पादनशिल क्षेत्रको रुपमा स्तरोन्नती र रोजगरी सृजनामा सहयोग,
- स्टार्टअप व्यवसायको सफलताका लागि परिवार र समाजको सकारात्मक सहयोग अभिवृद्धि,
- साना तथा मझौला उद्यम विकासका लागि तर्जुमा गरिने आर्थिक नीति र युवा उद्यमशिलता अभिबृद्धिका लागि अवलम्वन गरिने नीतिको बिचमा अर्न्तसम्बन्ध विकास,
- नीति तथा निर्देशनको प्रभावकारी कार्यान्वयनका लागि सहकार्यमूलक शैली र व्यवहारको अबलम्बन,
- युवा उद्यमशिलता विकासका प्रमुख तीन पक्ष सरकार, निजी क्षेत्र र शैक्षिक संस्था वा शिक्षाबिदको विचमा सुदृढ सहकार्य विस्तार,
- सामाजिक र साँस्कृतिक रुपमा बिपन्न, महिला सहित आदिवासी र जनजाती समूह र फरक ढङ्गबाट

सक्षम भएका समूहका युवाका लागि उद्यमशिलता विकास र प्रवर्द्धन सम्बन्धी विशेष कार्यक्रम संचालन,


- युवा रोजगारीका कार्यक्रममा भएको लगानीलाई मध्य तथा दिर्घकालीन रणनीतिक लगानीको रुपमा मान्यता ।

## ७. आगामी कार्यदिशा सहित प्रमुख सिफारिसहरू

उद्यमशिलता प्रवर्द्धन सम्बन्धी कार्य कुनै एक दिनमा सम्पन्न हुने काम वा स्थापित सूत्र प्रयोग गरी नतिजा प्राप्त गर्ने विधि होईन । उद्यमशिलता मनोबृत्ति, प्रक्रिया र दक्षताको साझा उपज हो । जसको पहिचान, सम्बर्द्धन र प्रवर्द्धन आवश्यक हुन्छ । नेपालमा उपलब्ध धेरै प्रकारका अवसरले युवा उद्यमीको उपस्थिति र तीनको उद्यमशिल पौरखलाइ पर्खिरहेका छन् । युवालाई उद्यमशिल वनाउने आधार तयार गरी उद्यमशिलता तर्फ निर्देशित गरी ती अवसरको सदुपयोग मार्फत राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान दिने आधार तयार गर्न देहायका पक्षमा सुधार गर्दा उद्यमशिलता प्रवर्द्धन हुने निश्चित छ ।

### क) उद्यमशिल मनोवृत्ति विकास, सीपको संरक्षण र उत्प्रेरण अभिबृद्धिः

उद्यमशिलता विकासका लागि मनोवृत्ति वा मानसिकता परिवर्तन गर्ने कार्यलाई प्रमुख चुनौतीको रुपमा स्वीकार गरिन्छ । तसर्थ, विद्यालय तह देखि नै उद्यमशिलता सम्बन्धी कार्यक्रम र गतिबिधि संचालन गर्दै बालबालिकालाई उद्यमशिल हुने वातावरण निर्माण गर्ने र सोको लागि सुविधा उपलब्ध गराउनु आवश्यक हुन्छ । उद्यमशिलता सम्वन्धी विषयलाई आधारभूत तहको पाठ्यक्रममा समावेश गरी तदनुरुपका




*Source: Nepal Startup Nation 2030, MOICS, FNCCI, Antarprerana Pvt. Ltd., ICIMOD and PUM Netherlands senior experts*

गतिविधिलाई बिद्यार्थी जीवनको प्रारम्भ देखि नै साक्षात्कार गर्ने अवसर प्रदान गर्ने । यसवाट वाल्यकाल देखि नै देश भित्र अवसरहरु खोज्ने वातावरण तयार हुनुका साथै आफ्नो जीवनको उद्देश्यबारे सचेत र जागरुक हुने अवसर प्राप्त हुन्छ । नेपाललाई सन् २०३० सम्म स्टार्टअप राष्ट्रको रुपमा रुपान्तरण गर्ने अवधारणा सहित विकास गरिएको श्वेत पत्रले नेपालमा युवा उद्यमशिलता विकासका लागि पहिचान गरिएका विभिन्न चार प्राथामिकताहरुको (नयाँ र स्तरोन्नती गर्ने अभ्यासहरु) कार्यान्वयन लक्षित बर्ग वा समूहका व्यक्तिसंग सम्बन्धित रहेका र कार्यान्वयनको सफलताका लागि निश्चित नीति तथा प्रक्रियाको अवलम्वनले प्रभावित पार्दछ भन्ने मान्यतालाई आत्मसात गरेको छ ।

**ख) युवा उद्यमशिलता विकासको रुपरेखा, अवस्था र वातावरणमा अनुकूल सुधारः**

उद्यमशिलता प्रवर्द्धन र विकासलाई छुट्टै बिधाको रुपमा अलग्गै राख्न मिल्दैन । विकासका हरेक पक्षसंग जोडेर यसलाई हेर्नुपर्ने हुन्छ । उद्यमशिलता विकास र प्रवर्द्धन गर्ने नीति तथा संस्थागत प्रणाली तथा तत् सम्बन्धी रुपरेखालाई समयानुसार सुधार गर्नु पर्दछ । उद्यमशिलता ईकोसिस्टमको समूचित सञ्चालनका लागि तय भएका बिभिन्न पक्षहरुको स्पष्ट परिभाषा, भूमिका र जिम्मेवारीलाई नीतिको माध्यमबाट थप स्पष्ट गर्नुका साथै सामयिक रुपमा परिमार्जित गर्नुपर्दछ। स्टार्टअपको विकास र विस्तारका लागि गरिएको प्रयासको परिणामस्वरुप स्टार्टअपमा सृजना हुन सक्ने संभावित जोखिमको व्यवस्थापन, घोषित नीति तथा स्थापित प्रक्रियाको कार्यान्वयन गर्ने र गराउने कार्यनीति वा मार्गनिर्देशनहरु तर्जुमा गरी बजेटमा उल्लेख भएका प्रावधानलाई समेटनु जरुरी हुन्छ । यसबाहेक, उद्यमशिलता प्रवर्द्धन र विकासका लागि देखिएका समस्या समाधानका लागि परिवार र समुदायका सदस्यहरु सहित बिभिन्न उद्यमशिलता ईकोसिस्टमका साझेदार तथा अभियन्ताहरु बीचको सहकार्यको रुपरेखा तयार गरिनुपर्दछ। उद्यमशिलता विकास सम्बन्धी नीति र कार्यक्रम युवाहरुको विकाससंग आवद्ध हुन्छ । तसर्थ, शैक्षिक संस्थाहरु मार्फत उद्यमशिलताका क्षेत्रमा गरिने प्रारम्भिक लगानी, प्रवाह हुने ज्ञान, निजहरुको व्यपारिक पृष्ठभूमि र अनुभवबाट पाईने ज्ञान भन्दा बढि प्रभावकारी हुने निश्चित छ ।

**ग) महिला र समावेशी उद्यमशिलताको प्रवर्द्धनः**

राष्ट्रिय जनगणना, २०७८ का अनुसार ३१ प्रतिशत महिलाहरु परिवारमुखी, २३.८ प्रतिशत घरजग्गामा स्वामित्वमा रहेका महिला र राष्ट्रिय आर्थिक गणना, २०७५ अनुसार झण्डै एक तिहाई अर्थात २९.८ प्रतिशत (२ लाख ४७ हजार ८८० महिला उद्यमी) महिला बिभिन्न प्रकारका व्यवसायमा संलग्न रहेको देखिन्छ । नेपालमा महिला उद्यमशिलताको स्तर अझै पनि अत्यान्त कम भएको कारण युवा महिला लक्षित उद्यमशिलताका कार्यक्रम संचालन गरिनु जरुरी हुन्छ। महिलालाई व्यवसायमा आकर्षण गर्न नेपाल सरकारले सहुलियतपूर्ण कर्जा लगायतका बिभिन्न कार्यक्रम सञ्चालन गरेको भएता पनि अपेक्षाकृत रुपमा ती कार्यक्रममा महिला उद्यमीको गुणात्मक र संख्यात्मक बृद्धि हुन सकेको छैन । यसका अतिरिक्त दलित, जनजाती वा पिछडिएका क्षेत्रमा बसोबास गर्ने युवा अझै पनि उद्यमशिल हुन नसकेको परिवेशमा ती बर्गका व्यक्ति वा समूहलाई पनि उद्यमशिल बनाउन र ती बर्गमा स्टार्टअपको सम्भावना खोजी र विस्तार गर्नु जरुरी हुन्छ ।

**घ) व्यवसायमा प्रबिधिको एकीकरण:**

व्यवसायमा प्राबिधिको प्रयोगलाई व्यापकता दिन कोभिड १९ले केहि हदसम्म योगदान गरेको पाईन्छ। बिभिन्न व्यवसाय र व्यावसायिक गतिविधिलाई बिद्युतीय प्रणालीमा रुपान्तरण गर्न बाध्य पार्नुका साथै अनलाईन व्यवसायको विस्तारमा उल्लेखनीय योगदान पुऱ्याउन प्रविधिले मद्दत पुऱ्याएको छ। आधुनिक प्रविधिको प्रयोग र विस्तारका कारण आजको युगमा नेपाली उद्यमी विश्वका अन्य देशका उद्यमी सरह प्रत्येक व्यवसायिक गतिबिधि संचालन गर्न सक्षम भएका छन्। डिजिटलाईजेसन र व्यवसायमा आधुनिक प्रबिधिको प्रयोगले देश भित्र र बाहिर आफ्नो संजाल विस्तार गरी व्यवसायलाई सफल बनाउन सक्ने आधार तयार भएको हुँदा युवा उद्यमशिलता विकासका लागि आधुनिक प्रबिधिको प्रयोगलाई व्यापकता दिने र अग्र र पृष्ठ उत्पादन एवम वितरण अर्न्तसम्न्ध निर्माण गर्न तत् सम्ब्धन्धी प्रक्रियामा प्रबिधिको प्रयोगलाइ एकिकरण र सामेल गर्नु जरुरी हुन्छ।

**ङ) दिगो र जोखिम प्रतिरोधी व्यवसायका लागि हरित व्यवसायको प्रवर्द्धन:**

जलवायु परिवर्तन वर्तमान परिवेशको नवोदित वास्तविक मुद्दा हो। नेपाल जलवायु परिर्वतनका कारण अत्यन्तै जोखिममा रहेको देश मध्ये एक भएको नाताले हरित अर्थतन्त्रको प्रवर्द्धन गर्नु वर्तमान र भविष्यको पुस्ताको अधिकार र हक संरक्षणका दृष्टिले जरुरी हुन्छ। ऐतिहासिक रूपमा नेपालमा सञ्चालन भएका व्यवसाय पर्यावरण संरक्षणको मान्यता सहित जोखिम प्रतिरोधी प्रविधि अवलम्बन गर्न उद्यत रहेका छन्। नेपालमा सञ्चालित अधिकाँश व्यवसाय परम्परागत रुपमा सञ्चालन भइरहेको भएता पनि बललिदो प्रतिष्पर्धा, उत्पादन परिणाम तथा व्यवसायिकताको नयाँ मानकलाई आत्मसात गर्न ती व्यवसाय सञ्चालनका विधिलाई चुस्त, प्रभावकारी र उत्पादनमुखी बनाउन स्तरबृद्धि गर्नु जरुरी देखिएको छ। चक्रिय अर्थतन्त्र (Circular Economy) को प्रवर्द्धन गर्नु समयको आवश्यकता मात्र नभई वातावरणीय, सामाजिक र आर्थिक रुपमा सृजना हुने जोखिम सामना गर्नुका साथै आफ्नो र समाज प्रति उत्तरदायी र सचेत नयाँ पुस्तालाई समाज, राष्ट्र, ब्रम्हाण्डको भविष्य प्रति गम्भिर बनाउन युवा उद्यमीमा हरित व्यवसायको मान्यतालाई स्थापित गराउन समेत जरुरी भएको छ।

**च) स्टार्टअप, व्यवसाय विकास केन्द्र र ईकोसिस्टम प्रवर्तकको सम्बर्द्धनमा लगानी अभिबृद्धि:**

युवा उद्यमीले उपयुक्त वित्तीय सहायता सहित सहज तथा सुबिधापूर्ण नियामकीय ढाँचामा आफ्नो व्यवसाय संचालन गर्न पाउने वातावरण निर्माण हुँदा स्टार्टअप व्यवसायमा लगानी विस्तार हुने पर्‍याप्त सम्भावना रहन्छ। अपर्याप्त परिमाण र असहज तथा सामयिक रुपमा उपलब्ध नहुने स्टार्टअप वित्तिय सहयोग युवा उद्यमीले सामना गरेको प्रमुख समस्या हो। सहज पहुँचका लागि स्थानीय स्तरमा नै स्टार्टअप कोषहरु स्थापना गरिनुका साथै सामाजिक समाबेशीता प्रवर्द्धनअ हुने गरी पर्यावरण मैत्री उद्यमलाई प्राथामिकता दिने व्यवस्था गरिनुपर्दछ। स्टार्टअपको सफलताका लागि अन्य देशमा प्रयोगमा रहेका व्यवस्था तथा सामाजिक आर्थिक परिवेशको अध्ययनको अवसर प्रदान गरी युवा उद्यमीलाइ प्रोत्साहन गर्न जरुरी छ। नेपालमा स्थापना गरिने अन्वेषणयुक्त व्यवसायमा आवश्यक पर्ने सक्षम जनशक्तिको निरन्तरताका

लागि जनशक्ति विकास कार्यक्रम सञ्चालन, स्टार्टअपमा बैदेशिक लागानी थ्रेसहोल्डको समिक्षा गरिनु पर्दछ । युवाको उद्यमशीलता विकास गर्न निजी क्षेत्रसंगको सहकार्य तथा साझेदारीमा सरकारले सबै तहमा व्यवसाय विकास केन्द्रको स्थापना गर्नु आवश्यक हुन्छ । युवालाई व्यवसायप्रति आकर्षण गरी व्यवसायमा प्रबेश गराउन ईन्क्यूवेशन केन्द्रहरु, उद्यमशीलता सम्वन्धी तालिम, सल्लाहकार सेवा र स्टार्टअप कोषको एकीकृत परिचालन प्रभावकारी बनाउनु पर्दछ । त्यसैगरी, उद्यमशिलता ईकोसिस्टमका पात्र वा सरोकारवालालाई बलियो बनाउन निजहरुको लागि क्षमता अभिबृद्धिका विशेष कार्यक्रमहरु तर्जुमा गरी सञ्चालन हुन आवश्यक छ ।

**छ) उद्यमशिलता विकासका लागि समय र वित्तीय स्रोतमा लगानी प्रवर्द्धन:**

युवा उद्यमशिलताको क्षेत्रमा गरिने लगानी सम्बन्धी रणनीति मध्य देखि दीर्घकालीन प्रकृतिको हुनुपर्दछ । युवाद्धारा सञ्चालन हुने स्टार्टअप व्यवसाय बजारका बिभिन्न अवयव, राजनीतिक अस्थिरता र जलवायु परिवर्तनका कारण अझ बढि जोखिममा रहेका छन् । पर्याप्त वित्तीय स्रोत र साधनका लागि निजी पुँजि परिचालनको अनुकूल प्रंवर्द्ध तथा परिचालनको नमूना वातावरण निर्माण, युवा उद्यमशिलता सम्वन्धी कार्यक्रमको प्रभावकारीता अभिबृद्धिका लागि उपयुक्त श्रम बजार र व्यवसायको लागि सक्षम वातावरण निर्माण हुनु पर्दछ ।

**ज) युवा उद्यमशिलता प्रवर्द्धनका लागि अन्तर सरकारी सहयोग र सहकार्य प्रवर्द्धन:**

युवा उद्यमशिलता विकास राज्यको साझा दायित्व हो । देशका प्रत्येक स्थानीय तहमा वसोवास गर्ने युवाको दक्षता र संभावना उपयोग गर्न उपयुक्त वातावरण निर्माण गर्न राज्यका सवै तहले आफ्नो अधिकार क्षेत्र र सक्षमता वमोजिमका क्रियाकलाप सञ्चालन गर्नु जरुरी हुन्छ । तसर्थ, युवा उद्यमशिलता प्रवर्द्धन तथा उद्यमशिल इकोसिस्टमको विकासका लागि संघ, प्रदेश र स्थानीय तहले देहायको भूमिका निर्वाह गर्नु जरुरी हुन्छ ।

**संघीय** सरकारको कार्यक्षेत्र अनुरुपा स्टार्टअप सम्वन्धी नीति, कानून तथा कार्यविधि तर्जुमा र कार्यान्वयन, युवा उद्यमीलाई प्राविधिक सहयोगको लागि स्रोत व्यवस्थापन, च्यालेञ्ज फण्ड, स्टार्टअप फण्डको विस्तार र पूर्ण कार्यान्वयन, स्टार्टअप व्यवसायमा प्रवाह गरिने कर्जाको सुरक्षण र सोको लागि अनुदान सुविधा, व्यवसाय प्रवर्द्धन केन्द्रको स्थापना र सञ्चालन, बैंक तथा वित्तीय संस्थावाट प्रवाह हुने कर्जा मध्ये स्टार्टअप व्यवसायमा गरिने कर्जा लगानीलाई प्राथमिकता प्राप्त कर्जाको रुपमा वर्गीकरण, स्टार्टअप व्यवसाय वा युवा उद्यमीद्वारा सञ्चालित उद्यमले उत्पादन गरेको वस्तु वा सेवालाई ठूला उद्योगसंग आवद्ध गर्ने वा सरकारका निकायले खरीद गर्ने (विशेषत कृषि उत्पादन) नीतिगत व्यवस्था अवलम्वन गर्नु आवश्यक देखिन्छ ।

**प्रदेश** सरकारले स्टार्टअपको प्रवर्द्धन र विकासका लागि प्रादेशिक व्यवसाय विकास केन्द्रको स्थापना र सञ्चालन, प्रदेशमा युवा उद्यमशिलता विकासका लागि प्रदेशस्तरीय विश्व विद्यालयको पाठ्यक्रममा

उद्यमशिलता विकास सम्वन्धी पाठ्यक्रम समावेश, प्रदेशस्तरका युवा उद्यमीलाई लक्षित गरी औद्योगिक क्षेत्रको स्थापना र सञ्चालन, प्रदेशभित्रको प्राकृतिक, कृषि, धरातलीय सवलताका आधारमा प्रदेशको पहिचान र प्रदेशको आर्थिक विकासमा योगदान गर्ने उद्यममा लगानी प्रोत्साहन, प्रदेशस्तरीय विकास वैंकको स्थापना गरी प्रदेश भित्रका युवा उद्यमीलाई सहुलियतपूर्ण कर्जा प्रवाह, युवा उद्यमी विकास कार्यक्रममा प्रदेश सरकारको लगानी विस्तार, प्रदेशस्तरीय युवा उद्यमी सम्मेलनको आयोजना, प्रदेशस्तरीय Business Idea Exploration प्रतियोगित मार्फत नयाँ उद्यमलाई प्रोत्साहन, युवा उद्यमीलाई आफ्नो व्यवसाय विस्तारका लागि पूँजिगत अनुदानको व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

**स्थानीय** तहले युवा उद्यमीको तथ्याङ्क अद्यावधिक गरी उद्यमशिलता प्रवर्द्धनमा सहयोग गर्नुका साथै आफ्नो स्थानीय तहभित्रका विद्यालयको पाठ्यक्रममा उद्यमशिलता सम्वन्धी विषय समावेश गरी सञ्चालन गर्ने, साना, घरेलु सहित नयाँ प्रविधिमा आधारित उद्यमको प्रवर्द्धन गर्न क्षेत्रगत तालिम सञ्चालन, स्वरोजगारीका लागि प्रोत्साहन, दक्षता -उत्पादन, वजार तथा व्यवस्थापकीय विकासका कार्यक्रम सञ्चालन, बैंक तथा वित्तीय संस्थाको स्थानीय इकाईसंग स्थानीय युवा उद्यमीलाई कर्जा प्रवाह गर्न सहमती र सहकार्य, स्थानीय तहको निर्माणाधीन औद्योगिक ग्राममा न्यूनतम ५० प्रतिशत सुविधा युवा उद्यमीलाइ उपलव्ध गराउने नीति तर्जुमा र कार्यान्वयन, युवाद्वारा सञ्चालित व्यवसायलाइ पूँजिगत र सञ्चालन अनुदान प्रदान, स्थानीय स्तरमा वजार विस्तार, वजार केन्द्र र प्रदर्शनी केन्द्रको स्थापना र सञ्चालन तथा स्थानीय स्तरमा नविन तथा संभाव्य व्यवसाय लक्ष्यित उद्यमशिलता प्रवर्द्धन सम्वन्धी तालिम सञ्चालन गर्दा स्थानीयस्तरमा उद्यमशिलता अभिवृद्धि हुने वलियो आधार तयार हुन्छ ।

ILO's South Asia Leadership in Entrepreneurship (SALE) Project promotes entrepreneurship in Nepal as a desirable Career option for youth, discarding the traditional ambitions of young graduates of public sector employment. Working with local institutions, SALE will encourage entrepreneurship and an enabling environment for businesses. Focussing especially on the digital economy and e-commerce SALE will support youth's entry into this sector and provide them with training and raise awareness of the opportunities this sector offers through campaigns, competitions and mentoring programs. The SALE works with the Government, EMBOs, Academia, NGOs and other Entrepreneurship Ecosystem partners, The SALE project is financially supported by the US Department of States (USDOS) through a bilateral agreement.

Supported by

International
Labour
Organization

SALE Project
ILO office for Nepal
Dhobighat, Lalitpur




नेपाल उद्योग वाणिज्य महासंघ
टेकु, काठमाण्डौं, नेपाल ।
फोन नं. ०१ ४३६२०६१,५३६१०२२,५३६२००७
फ्याक्स नं.. ०१ ५३६१०२२ र ,५३६२००७
ईमेल: fncci@mos.com.np